नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १७२ २०८१ साल माघ २३ गते बुधबार (5 Feb. 2025 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

यस अंक भित्र : २ पृष्ठमा : आम्दानी सङ्कुचन हुँदा टेलिकम ... ३ पृष्ठमा : विश्व क्यान्सर दिवस ... ३ पृष्ठमा : स्यानमा विद्रोही समूहद्वारा ...

# सप्तरीमा आजदेखी पाठेघरको मुखको क्यान्सरबिरुद्ध एचपिभी खोप अभियान संचालन हुँदै

**दुई चरणमा संचालन हुने एचपिभी खोप अभियान अन्तरगत ६ हजार ७ सय १ जना किशोरीलाई खोप दिइदै ।**

**दैनिक समाचारदाता**
**राजविराज, २२ माघ ।**

सप्तरी जिल्लामा आजदेखी एचपीभी खोप अभियान संचालन हुँदैछ । पाठेघरको मुखको क्यान्सर बिरुद्ध उक्त खोप अभियान मुलुकभर मंगलबारदेखी संचालन भएपनि सप्तरीमा मंगलबार सरस्वती पुजाको मूर्ती सेलाउन दिन विद्यालयहरु बन्द रहेका कारण आजदेखी संचालन हुन गइरहेको हो ।

जिल्लामा विद्यालय नजाने १० देखि १४ वर्ष उमेर समुह र विद्यालयमा कक्षा ६ देखी १० सम्म अध्ययनरत ३६ हजार ७ सय १ जना किशोरीलाई लक्षित गरि उक्त अभियान संचालन गर्न लागिएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख देवकान्त झाले जानकारी दिएका छन् ।

प्रमुख झाले एचपीभी खोप अभियान पहिलो चरण माघ २३ देखी ३० सम्म जिल्लाको डाक्नेश्वरी नगरपालिका, बोदेवर्साइन नगरपालिका, सुरुङ्गा नगरपालिका, खडक नगरपालिका, शम्भुनाथ नगरपालिका तथा रुपनी गाउँपालिका, छिन्नमस्ता गाउँपालिका, राजगढ गाउँपालिका र बलान विहुल गाउँपालिका संचालन हुने बताए ।

यस्तै दोश्रो चरण फागुन १ गतेबाट राजविराज नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, सप्तकोशी नगरपालिका, कञ्चनरुप नगरपालिका, तिलाठी कोइलाडी गाउँपालिका, तिरहुत गाउँपालिका, महादेवा गाउँपालिका, अग्नीसाईर कृष्णासवरण गाउँपालिका र विष्णुपुर गाउँपालिकामा संचालन हुने प्रमुख झाले जानकारी दिए ।

जनस्वास्थ्य अधिकृत जागेश्वर खडकाले जिल्लामा एचपीभी खोप अभियान संचालनका लागी ४ सय ५० खोप केन्द्र कायम गरिएको र यसमा १ हजार भन्दा बढी स्वास्थ्यकर्मी परिचालन हुने जानकारी दिए ।

विश्व स्वास्थ्य संगठनका प्रतिनीधी एवं खोप अधिकृत सरला न्यौपानेले पाठेघरको मुखको क्यान्सरबाट नेपालमा दैनिक चार महिलाको मृत्यु हुने गरेको बताउँदै मृत्युदर घटाउन र महिलालाई पाठेघरको मुखको क्यान्सर रोगबाट जोगाउन अहिले नेपालमा एचपीभी खोप अभियान चलाइएको बताइन ।

नेपालमा क्यान्सरको कारणबाट महिलाहरुको मृत्यु हुनुमा पाठेघरको मुखको क्यान्सर नै पहिलो कारण देखिएको भन्दै उनले अभियान सफल बनाउन सबैसँग आग्रह समेत गरेकी छिन ।

# ‘नेपाललाई स्वस्थ बनाउन एचपिभी खोप अभियान सुरु’

काठमाडौं, २२ माघ (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले पाठेघरको क्यान्सरविरुद्धको ‘एचपिभी’ खोप अभियान नेपाललाई भविष्यमा स्वस्थ बनाउन सुरु गरिएको बताउनुभएको छ ।

उहाँले यो खोपबाट कोही पनि किशोरी वञ्चित हुन नदिन सबैले आ-आफ्नो ठाउँबाट प्रचारप्रसार र सहयोग गर्न आग्रह गर्नुभयो । मंगलबार एचपिभी खोप अभियान २०८१ को शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री पौडेलले भन्नुभयो, “देशैभर खोप र जनशक्ति पुगेकाले लक्षित वर्ग खोपबाट नछुटून् भन्ने उद्देश्य सरकारको छ, निरोगी नेपाल बनाउन यसले सहयोग पुऱ्याउनेछ, भविष्यमा नेपाललाई स्वस्थ बनाउन अभियानले काम गर्नेछ ।”

स्वास्थ्य मन्त्रालयका सचिव डा रोशन पोखरेलले पाठेघरको मुखको क्यान्सरको समस्या सधैँका लागि समाधान गर्ने उद्देश्यले खोप अभियान सुरु गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, “हरेक वर्ष हामीले नियमित खोप तालिकामार्फत यो खोप किशोरीभ हरूलाई दिनेछौं, प्रत्येक बालबालिकाको सुरक्षित भविष्य बनाउने सुनिश्चितता गर्न चाहन्छौं ।”

कार्यक्रममा स्वास्थ्य विभागका महानिर्देशक डा विकास देवकोटाले १४५ देशमा प्रयोग भइरहेको यो खोप नेपालले पनि समावेश गर्न पाउँदा गर्व लागेको बताउनुभयो । उहाँले भन्नुभयो, “देशमा नसर्ने रोगको भार बढिरहेको छ, जसमा क्यान्सरको भार झन् बढ्दो छ, हरेक दिन छ जनामा पाठेघरको मुखको क्यान्सर देखिने र चार जनाको मृत्यु हुने गरेको छ, त्यसैले किशोरावस्थामा नै एचपिभी खोप अभियान सुरु गरेका हौं, यो विद्यालय केन्द्रित खोप अभियान हो, छुटेका र विद्यालय बाहिरका छात्रालाई खोप दिइनेछ ।

मन्त्रालयले मंगलबारदेखि देशभर पाठेघरको मुखको क्यान्सरविरुद्धको निःशुल्क एचपिभी खोप अभियान आगामी फागुन ६ गतेसम्म देशभर सञ्चालन गरेको छ । कुल १६ लाख ८८ हजार सात सय ६८ किशोरीलाई खोप दिइने लक्ष्य सरकारको छ । विद्यालयमा अध्ययनरत कक्षा ६ देखि १० सम्मका छात्रा र विद्यालय नजाने १० देखि १४ वर्ष उमेरका किशोरीलाई खोप दिन लागिएको हो ।

# आपराधिक गतिविधिमा संलग्न भएको अभियोगमा दश जना पक्राउ

काठमाडौं, २२ माघ (रासस) ।

आपराधिक गतिविधिमा संलग्न भएको अभियोगमा देशका विभिन्न भागबाट नौ जना पक्राउ परेका छन् ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार कञ्चनपुर, बर्दिया, झापा, चितवन र कैलालीबाट उनीहरू पक्राउ परेका हुन् ।

कञ्चनपुरको भीमदत्त नगरपालिका-११ बाट लागुऔषध खैरो हेरोइनसहित सोही नगरपालिका-५ का २६ वर्षीय अर्जुन गुरुङ, बर्दियाको ठाकुरबाबा नगरपालिका-१ बाट ब्राउनसुगरसहित सोही नगरपालिका-४ मैनवार का १७ वर्षीय एक किशोर, मेचीनगर नगरपालिका-६ मेचीपुलबाट खैरो हेरोइन जस्तो देखिने पदार्थ बोकेका ताप्लेजुङ सिदिङ्वा गाउँपालिका-३ का २२ वर्षीय सुरेन्द्र राई, चितवनको भरतपुर महानगरपालिका-४ दुर्गाचोकबाट नियन्त्रित लागुऔषध ट्रामाडोललगायत अन्य मोनोट्रपिक औषधि र नगद रु आठ हजार ४०० सहित दुई जनालाई पक्राउ गरिएको हो ।

यसैगरी, कैलालीको गौरीगङ्गा नगरपालिका-११ झन्झटपुरस्थित घुम्ती पसलबाट गाँजासहित चार जनालाई सोमबार साँझ पक्राउ गरिएको छ ।

सुन जस्तो देखिने धातुका रीङ १६ थान, सुन जस्तो देखिने धातुको टुक्रा ५ थान, एक एकथान सिक्री, औंठि र बाला ९८ ग्राम तौलको सुन जस्तो देखिने धातुसहित काठमाडौं महानगरपालिका-१५ स्वयम्भूकी ५८ वर्षीया मैयाँ तामाङ पक्राउ परेकी छन् ।

थाई एयरको उडानद्वारा बैंककबाट काठमाडौं आएकी गुरुङलाई त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट सोही दिन साँझ पक्राउ गरिएको हो ।

यसैबीच, धरान उपमहानगरपालिका-६ पानमारा जङ्गलस्थित सडकबाट चार सय १० किलोग्राम गाँजा गए राति प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरीले उक्त स्थानमा रोकी राखेको बा.१५ च ७६३३ नम्बरको कार तलासी गर्दा उक्त परिमाणको गाँजा बरामद गरेको हो ।

यसैगरी, सुनसरीको हरिनगर गाउँपालिका-६ स्थित बाँसबारीबाट १९ किलोग्राम गाँजा बरामद भएको छ ।

# भन्सार छलेर ल्याइएको मोटरपार्टस र मोबिल प्रहरी नियन्त्रणमा

**दैनिक समाचारदाता**
**राजविराज, २२ माघ ।**

भारतबाट भन्सार छली अबैध रुपमा ल्याउँदै गरेको मोटरसाईकलको पार्टपुर्जा र मोबिल लगायतका सरसमान सप्तरी प्रहरीले नियन्त्रणमा लिएको छ ।

इलाका प्रहरी कार्यालय विष्णुपुरबाट खटिएको गस्ती टोलीले भारतबाट अवैधरुपमा ल्याउँदै गरेको १ लाख २३

*बाँकी अन्तिम पृष्ठमा*



# प्रजिअ दाहालले अस्पतालको निरिक्षण गर्दा २५ जना पोशाकविहीन कर्मचारी उपस्थित

**दैनिक समाचारदाता**
**राजविराज, २२ माघ ।**

स्वास्थ्य सेवामा लापरबाहीका गुनासाहरू बढ्दै गएपछि राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालको मंगलबार प्रमुख जिल्ला अधिकारी भोला दाहालले आकस्मिक निरीक्षण गरेका छन् ।

निरीक्षणका क्रममा अस्पतालमा दरबन्दी १ सय १ जना कर्मचारीमध्ये २५ जना पोशाकविहीन अवस्थामा उपस्थित रहेको पाइएको तथा ९७ जना अनुपस्थित रहेको पाइएको छ ।



प्रमुख जिल्ला अधिकारी दाहालले अस्पताल प्रशासनलाई सेवामा अनुशासन र जिम्मेवारीका साथ लाग्न निर्देशन दिंदै तोकिएको समयमा हाजिर नभएका कर्मचारीहरूमाथि कानुनी कारबाही हुने चेतावनी समेत दिएका छन् ।

उनले आगामी दिनमा अस्पतालमा प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न कडाइका साथ अनुगमन गरिने बताउँदै निर्माणधिन भवन पटक-पटक म्याद थप्दा पनि हालसम्म सञ्चालन नआएकोले भवनका अधुरा काम सम्पन्न गर्न आवश्यक पहल गर्न अस्पताल प्रशासनलाई निर्देशन दिए ।

प्रजिअ दाहालले स्थानीय प्रशासनले सर्वसाधारणको स्वास्थ्य अधिकारको रक्षा गर्दै उत्तरदायी शासन प्रणालीलाई सुदृढ बनाउन थप आवश्यक कदम चाल्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

अस्पतालले करार तथा ज्यालादारी कर्मचारीहरू मार्फत विभिन्न सेवा संचालन गरिरहेको पाइएको जिल्ला प्रशासन कार्यालयका नासु सजिब कुमार साहले जानकारी दिएका छन् ।

## सम्पादकीय ....

### अहिले देखी नै खबरदारी गरौं

विभिन्न विकासीय कार्यहरु आर्थिक वर्षको अन्त्यतिर नै गर्ने गरिन्छ । आर्थिक वर्षको सुरुमा विभिन्न ती कार्यहरुको स्थलग, कागजी प्रक्रिया तथा कार्यालय तालमेल मिलाउने गरिन्छ । र अन्त्य तिर यसलाई कार्यान्वयनका लागि बजेट निकासा गरिन्छ । हरके वर्ष आर्थिक वर्षको अन्त्यतिर विकासीय कार्यहरु गर्ने होडबाजी नै चल्ने गरेको छ । सोही अनुसार ती कार्यहरु सम्पन्न गर्न सबै विकासीय कार्यहरुले तिब्रता पाउने गर्दछ ।

वर्षभरिका लागि बिनियोति गरिएको बजेटलाई असार मसान्तभित्रै सम्पन्न गर्नुपर्ने बाध्यता रहेकोले अहिले विभिन्न विकासीय कार्यहरुले तिब्रता लिनेगर्दछ । अर्को शब्दमा यसलाई बजेट सकाउनैका लागि असारे कामहरु गर्ने बुझिदै आएको छ । यसरी वर्षभरी काम नगर्ने असारमै काम गरेर बजेट सकाउने उदेश्यले गरिने ती कामहरुको निगरानी आवश्यक छ ।

असारे कामहरुलाई अहिलेदेखी नै निरन्तरता दिन स्थानीय तहहरुले प्रयासको थालनी गर्नु पर्दछ । तसर्थ सुरुदेखी लागेको बानी एकैपटक नसुधिने कारणले अब जनता यसप्रति खबरदारी गर्ने बेला आएको छ । होइन् भने जनतासँग सरोकार राख्ने जुनसुकै पनि विकासी कार्यहरु नामका लागि मात्र गरेमा यसले दिर्घकालिन असर पुऱ्याउनुक साथै हामी जनतालाई नै यसबाट क्षति पुग्ने निश्चित छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# आम्दानी सङ्कुचन हुँदा टेलिकम सेवाप्रदायकको पुँजीगत लगानी घट्दो

**कमलकुमार बस्नेत**
काठमाडौँ, २२ माघ (रासस) ।

टेलिकम सेवाप्रदायक कम्पनीको आम्दानीमा निरन्तरको सङ्कुचनको असर उनीहरूको पुँजीगत खर्चमा देखिएको छ । घट्दो आयसँगै पूर्वाधार निर्माणमा बजेट विनियोजन कम हुँदाको असर सेवा विस्तार तथा स्तरोन्नति तथा गुणस्तरीय सेवा प्रवाहलगायतमा देखिएको छ । साथै, कम्पनीहरूको भविष्यसमेत सुखद नदेखिएको जानकारहरू बताउँछन् ।

कुनै समय कुल आम्दानीको झन्डै आधा रकम पूर्वाधार विकासमा खर्च गर्ने टेलिकम कम्पनीहरूले अहिले उक्त खर्चलाई १० प्रतिशतको हाराहारीमा सीमित गरेका छन् । ओभर द टप (ओटिटी) प्लेटफर्मलगायतका कारणले घट्दो आम्दानी, आवश्यक कानुनमा संशोधन नहुनु, चर्को नवीकरण शुल्क र सञ्चालनमा सहजीकरण नहुँदा टेलिकमले पूर्वाधारमा आवश्यक लगानी गर्न हिच्किचाइरहेको टेलिकम क्षेत्रका विज्ञहरूको बुझाइ छ ।

तथ्याङ्क हेर्दा टेलिकम कम्पनीहरूले सन् २००८ देखि २०१६ सम्मको अवधिमा पुँजीगत खर्चमा जोड दिएको देखिन्छ । यस अवधिलाई पुँजीगत खर्चका हिसाबले 'हाइपर ग्रोथ' भन्न सकिने विज्ञ बताउँछन् । नेपाल दूरसञ्चार प्राधिकरणका पूर्वअध्यक्ष भेषराज कँडेल त्यो समय टेलिकम कम्पनीका लागि लगानीको समय थियो । पुँजीगत खर्चको अवस्था सन् २०१७ सम्म पनि राम्रै थियो । त्यसपछि भने आम्दानीसँगै आवश्यक पुँजीगत खर्च पनि घट्न थालेको उहाँको बुझाइ छ ।

हाल सञ्चालनमा रहेको दुईवटा टेलिकम कम्पनीको आर्थिक वर्ष २०७३/७४ मा रु ९७ अर्ब ३० करोड थियो । आव २०७४/७५ मा आइपुग्दा एक दशमलव ४४ प्रतिशतले बढेर रु ९८ अर्ब ७१ करोड पुगेकामा त्यसयता आम्दानी निरन्तर ओरालो लागेको छ । नेपाल दूरसञ्चार प्राधिकरणको अनुसार आव २०७४/७५ को तुलनामा आव २०७९/८० मा आइपुग्दा करिब २६ प्रतिशतले ओरालो लागेर रु ७३ अर्ब १४ करोडमा सीमित भएको छ ।

**निरन्तरको लगानी**

टेलिकम व्यवसाय अन्य क्षेत्रहरूको तुलनामा बढी पुँजीगत खर्च हुने क्षेत्रमा पर्छ । गुणस्तरीय सेवा प्रवाह, पूर्वाधार निर्माण, मर्मत तथा स्तरोन्नति, बिटिएस निर्माण, फाइबर अप्टिकल केबल, डाटा सेन्टर, स्पेक्ट्रम शुल्कमा निरन्तर ठूलो खर्च भइरहेको हुन्छ । टेलिकम सेवाका लागि रेडियो स्पेक्ट्रमबापत नेपास सरकारलाई शुल्क तिर्नुपर्ने हुन्छ, जुन निकै महङ्गो पर्छ । फोर जी र फाइभ जीलगायतका सेवा प्रवाहका लागि नयाँ स्पेक्ट्रम आवश्यक पर्छ । यसले पुँजीगत खर्च ह्वात्तै बढाउँछ ।

प्राधिकरणका पूर्वअध्यक्ष कँडेल टेलिकम क्षेत्रमा पुँजीगत खर्चको माग निरन्तर हुने बताउनुहुन्छ । "टेलिकम क्षेत्रमा हुने प्रविधिको विकास, सेवा विस्तार तथा गुणस्तर सुधारको काम निरन्तर चलिरहने भएकाले यसमा लगानी पनि प्रत्येक वर्ष आवश्यक छ, थ्री जीबाट फोर जी र त्यसबाट फाइभ जी प्रविधि ल्याउँदा कम्पनीहरूले ठूलो लगानी ल्याउनुपर्ने हुन्छ तर आम्दानी नै नभएपछि सोही अनुसारको लगानी भने ल्याउन नसकिरहेको देखिन्छ", उहाँले भन्नुभयो ।

उहाँका अनुसार फाइभ जीका सेवाका लागि फोर जीको तुलनामा कम्तीमा तीन गुणा बढी खर्च हुन्छ । "नेपाल टेलिकमले रु १९ अर्ब खर्चेर फोर जी सेवा विस्तार गरेको थियो, फाइभ जीको हकमा त्यो झन्डै रु ६० अर्ब पुग्नसक्छ", उहाँले भन्नुभयो, "फाइभ जी मात्रै होइन सेवा विस्तार र पूर्वाधार मर्मतसम्भारको खर्च धान्न अहिलेको आम्दानीले टेलिकम कम्पनीलाई समस्या हुन्छ ।"

टेलिकम क्षेत्रमा पूर्वाधारको आयु औसत ५ देखि ७ वर्ष मात्रै हुने भएकाले पुँजीगत खर्च निरन्तर भइरहने उहाँको भनाइ छ । "यो यस्तो क्षेत्र हो, जहाँ पुँजीगत खर्च निरन्तर भइरहेको हुन्छ, एकपटक लगानी गरेर ढुक्क हुने अवस्था रहँदैन", पूर्वअध्यक्ष कँडेलले भन्नुहुन्छ, "सेवा विस्तार, नयाँ प्रविधिमा लगानी, स्पेट्रम, पूर्वाधार निर्माण तथा मर्मतसम्भारका लागि बर्सेनि ठूलो बजेट विनियोजन गर्नुपर्छ ।"

दूरसञ्चारविज्ञ विशाल उपाध्याय टेलिकम क्षेत्रमा पुँजीगत खर्चको माग बढे पनि सो अनुसारको आम्दानी बढ्न नसकेको बताउनुहुन्छ । यो क्षेत्रमा अहिले पनि आम्दानीको १५ देखि २० प्रतिशत रकम पुँजीगत क्षेत्रमा गर्नुपर्ने अवस्था छ । जबकि उत्पादनमूलक क्षेत्रमा पाँचदेखि १० प्रतिशत, प्रविधि (हार्डवेयर तथा क्लाउड) मा पाँचदेखि १० प्रतिशत, रिटेल क्षेत्रमा दुईदेखि पाँच प्रतिशत र बैङ्किङ क्षेत्रमा आम्दानीको एकदेखि पाँच प्रतिशत मात्रै पुँजीगत खर्च गरे पुग्छ ।

**अर्थतन्त्रमा असर**

पुँजीगत खर्च कम हुँदाको प्रभाव मुलुकको कुल ग्राहस्थ उत्पादनमा पनि पर्छ । विश्व बैङ्कको एक अध्ययनले पनि इन्टरनेट लगानीमा हुने प्रत्येक १० प्रतिशतको वृद्धिले १.३ प्रतिशतको आर्थिक वृद्धि हुने देखाएको छ । आम जनसमुदायसम्म इन्टरनेट सेवा पुगेपछि यसको प्रभावबाट थप आर्थिक वृद्धि हुने उक्त फ्रेमवर्कमै उल्लेख छ । तर टेलिकम कम्पनीहरूको घट्दो पुँजीगत लगानीका कारण अपेक्षाकृत रूपमा इन्टरनेटको पहुँच विस्तार हुन नसक्ने देखिन्छ । तर लगानी नै घट्दो भएपछि त्यसले जिडिपीमा गर्न सक्ने योगदान बढ्न सक्ने देखिन्न ।

तथ्याङ्कअनुसार सन् २०१६ मा मुलुकको अर्थतन्त्रमा कुल तीन दशमलव नौ प्रतिशत टेलिकम क्षेत्रको योगदान रहेकामा सन् २०२३ मा आइपुग्दा एक दशमलव आठ प्रतिशतमा सीमित भएको छ । टेलिकम क्षेत्रको जिडिपीमा योगदान सन् २०१७ मा तीन दशमलव चार प्रतिशत, सन् २०१८ मा तीन प्रतिशत, सन् २०१९ मा दुई दशमलव सात प्रतिशत, सन् २०२० मा दुई दशमलव चार प्रतिशत, सन् २०२१ मा दुई दशमलव दुई र सन् २०२२ मा एक दशमलव नौ प्रतिशतमा सीमित भएको छ ।

टेलिकम क्षेत्रको आम्दानी मात्रै होइन, यसबाट राज्यले पाउँदै आएको राजस्वमा पनि कमी आएको छ । आव २०७६/७७ मा नेपाल टेलिकम र एनसेलले समग्रमा रु ६७ अर्ब ४८ करोड राजस्व बुझाएकामा आव २०७९/८० मा आइपुग्दा रु २० अर्बले घटेर आएर रु ४७ अर्बमा सीमित भएको छ ।

नेपाल दूरसञ्चार प्राधिकरणका पूर्ववरिष्ठ निर्देशक आनन्दराज खनाल तत्कालै कानुनमा संशोधन नगर्ने हो भने टेलिकम कम्पनीहरू सङ्कटमा पर्ने बताउनुहुन्छ । "टेलिकम कम्पनीहरूको आम्दानी निरन्तर घट्दो छ, यसको अर्थ उनीहरू सङ्कटमा पर्दैछन् भन्ने हो, खर्च बढिरहने तर आम्दानी कम हुँदै जाने हो भने यसले टेलिकम क्षेत्रलाई राम्रो गर्दैन", उहाँले भन्नुभयो, "सरकारले तत्कालै उनीहरूका समस्या सम्बोधन नगर्ने हो भने समस्या सृजना हुन्छ ।"

खनाल कुनै एउटा टेलिकमले पुँजीगत खर्च गर्दाको फाइदा उक्त कम्पनीका लागि मात्रै नभई समाजका सबै वर्गलाई हुन्छ । जस्तै एउटा टेलिकमको टावर राख्दा मात्रै पनि घरधनीले मासिक रूपमा भाडा पाउँछन्, राज्यले कर पाउँछ, त्यसबाहेक आम नागरिकले टेलिफोन र इन्टरनेटको सेवा पाउँछन् । टेलिफोन र इन्टरनेटका माध्यमबाट हुने लाभ त छँदैछ । त्यसैले पूर्वाधारमा लगानी गर्नका लागि पनि कम्पनीहरूले पहिले कमाउनु जरुरी भएको उहाँको बुझाइ छ । पूर्वनिर्देशक खनाल अहिले बजारमा तेस्रो टेलिकम कम्पनीको सम्भावना भए पनि टेलिकम कम्पनीहरूको घट्दो आय र बढ्दो खर्चका कारण तत्काल नै नयाँ प्रतिस्पर्धी आउनेमा भने शङ्का रहेको बताउनुहुन्छ ।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक सङ्गीता पहाडीले नयाँ बन्न लागेको दूरसञ्चार ऐनको मस्यौदामा आफूहरूले यस प्रकारको समस्या समाधान हुने गरी सुझाव दिएको बताउनुहुन्छ । उहाँका अनुसार नयाँ ऐनमार्फत आवश्यक संशोधन नहुने हो भने टेलिकम कम्पनीहरू समस्यामा पर्छन् । "टेलिकम क्षेत्रले अहिले भोगिरहेका समस्या समाधानका लागि नयाँ ऐन निर्माण जरुरी छ, हामीले यसमा आवश्यक सुझाव पनि दिइसकेका छौँ, नयाँ ऐन निर्माणपछि अहिलेका अधिकांश समस्या समाधान हुनेछ भन्ने विश्वास छ", उहाँले भन्नुभयो ।

टेलिकम सेवाप्रदायक एनसेलका अनुसार अहिले टेलिकम कम्पनीहरूको कुल आम्दानीको तुलनामा पुँजीगत खर्च बढी गर्नुपर्ने अवस्था छ । कुल आम्दानीको ४८ प्रतिशत राजस्व विभिन्न शीर्षकमा सरकारलाई बुझाउनुपर्छ । तेह्र प्रतिशत मूल्य अभिवृद्धि कर, १० प्रतिशत सेवा शुल्क र दुई प्रतिशत स्वामित्व कर गर्दा कुल २१ दशमलव २ प्रतिशत करमै जान्छ । बाँकी रकमबाट सञ्चालन खर्च, स्पेक्ट्रम शुल्क, रोयल्टी शुल्क र ग्रामीण दूरसञ्चार कोषमा बुझाउनुपर्ने चार प्रतिशत रकम कटौती गर्दा रकम ३८ प्रतिशत रकम बचत हुन्छ । त्यसबाट लागत कट्टा, वित्तीय खर्च, अनुमतिपत्र नवीकरण शुल्क र किस्ता ऋणको तिर्दा औसतमा आठ प्रतिशत मात्रै रकम बाँकी रहन्छ । त्यसमा पनि संस्थागत कर तिरेपछि पाँच प्रतिशत रकमलाई नाफा मान्न सकिन्छ ।

"केही वर्षअघिसम्म पाँच प्रतिशत भए पनि रकममा ठूलो थियो, टेलिकम सेवा प्रदायकको आम्दानी नै करिब रु एक खर्ब थियो तर अहिले आम्दानी नै झन्डै २५ प्रतिशतले ओरालो लागिसकेको छभने आगामी वर्षमा अझ घट्ने अध्ययनले देखाएको छ", दूरसञ्चार विज्ञ उपाध्यायले भन्नुभयो । टेलिकम कम्युनिकेसन पनि खानेपानी, विद्युत्, फोहोर व्यवस्थापनलगायत जस्तै सार्वजनिक सेवा भएको उल्लेख गर्दै उहाँले मुद्रास्फीतिकै आधारमा शुल्क वृद्धि गर्न आवश्यक रहेको बताउनुहुन्छ । यद्यपि अन्य सेवामा जस्तो यस टेलिकम कम्पनीहरूले भने हालसम्म मुद्रास्फीतिकै आधारमा शुल्क वृद्धि पाएका छैनन् ।

**वार्षिक छ अर्ब लगानी आवश्यक**

टेलिकम क्षेत्रका विज्ञहरू टेलिकम क्षेत्रलाई यही अवस्थामा निरन्तर सञ्चालनका लागि वार्षिक रूपमा रु छ अर्बको पुँजीगत खर्च आवश्यक रहेको बताउँछन् । तर टेलिकम कम्पनीले आम्दानी र नाफा घट्न थालेपछि पुँजीगत खर्च पनि घटाउँदै लगेका छन् । पछिल्लो वर्षहरूमा भ्वाइसबाट आम्दानी घटिरको छभने डाटा सेवामा उत्साहजनक वृद्धि भएको पाइँदैन र सेवा प्रदायकहरूले आफ्ना सेवाका शुल्कहरू परिमार्जन गर्दै बढाउन पनि सकेका छैनन् । "आजका दिनमा सेवा सञ्चालन गरिराख्नका लागि मात्रै पनि वार्षिक रु छ अर्ब लगानी आवश्यक छ तर अहिले त्योभन्दा कम खर्च भइरहेको छ, यदि आम्दानी नबढ्ने हो भने टेलिकम क्षेत्रले सेवा विस्तार र गुणस्तर सुधारमा खर्च गर्न नसक्ने अवस्था रहन्छ", प्राधिकरणका पूर्वनिर्देशक खनाल भन्नुहुन्छ ।

# विश्व क्यान्सर दिवस : प्रारम्भिक चरणमा पहिचान भएमा निर्मूल हुने

**शरद् शर्मा**

काठमाडौँ, २२ माघ (रासस)।

क्यान्सर लागेमा डराउनु नपर्ने भन्दै प्रारम्भिक चरणमा पहिचान भएमा निर्मूल हुने चिकित्सकहरू बताउँछन्। सही समयमा क्यान्सर पहिचान भएमा यसको उपचार सम्भव रहेको बताइएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले नियमित रूपमा स्वास्थ्यको जाँच गरी प्रारम्भिक चरणमा क्यान्सर पत्ता लागेमा उपचार गरेर रोकथाम गर्न सकिने बताउनुभयो।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका वरिष्ठ क्यान्सर रोग विशेषज्ञ डा अरुण शाहीले क्यान्सर थाहा पाउनेबित्तिकै उपचार भए जस्तोसुकै अवस्थाको रोग निको पार्न सकिने बताउनुभयो।

"क्यान्सर लागेका बिरामी सबै काम छाडेर अब जीवन सकियो भन्दै डराएर बस्छन्। तर त्यसो होइन, क्यान्सर लाग्यो भन्दैमा डराउने, आत्तिने गर्नु हुँदैन", उहाँले भन्नुभयो, "यो रोगबारे बुझाइ, समाजमा गरिएको नकारात्मक चित्रणले गर्दा त्रास बढेको हो। थाइराइड, उच्च रक्तचाप, मधुमेह जस्तै दीर्घ रोग हो। क्यान्सरको समयमा पहिचान भएर उपचार हुनसक्यो भने निर्मूल पार्न सकिन्छ।"

भक्तपुर क्यान्सर अस्पतालका निर्देशक डा उज्जवल चालिसेले क्यान्सरको तेस्रो र चौथो चरणलाई निको पार्न कठिन भए पनि पहिलो र दोस्रो चरणलाई निर्मूल गर्न सकिने धारणा राख्नुभयो। उहाँले पहिलो चरणमा रोगको पहिचान हुन सक्यो भने त्यसले कुनै लक्षण र समस्या नदेखाउने भएकाले उपचार सम्भव हुने जानकारी दिनुभयो।

"क्यान्सरका पहिलो र दोस्रो चरणका बिरामी धेरैजसोको उपचार सफल भएर फर्कनुभएको छ", उहाँले भन्नुभयो, "तेस्रो र चौँथो चरणको उपचार गरेका बिरामीको फेरि रोग बल्झेर आउने सम्भावना रहन्छ। ती बिरामीलाई भने केही जोखिम कायम नै रहन्छ।"

**क्यान्सरका चार चरण**

क्यान्सरका चार चरण (स्टेज) रहेका छन्। पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका वरिष्ठ क्यान्सर रोग विशेषज्ञ डा शाहीका अनुसार शून्यदेखि तीन स्टेजको क्यान्सरलाई पूर्ण रूपमा निको पार्न सकिने र चार स्टेजको क्यान्सरलाई नियन्त्रण गर्न सकिनेछ। क्यान्सर एक ठाउँबाट सरेर अर्को ठाउँमा गयो भने खतरनाक हुने उहाँको भनाइ छ। उहाँले नसर्ने बेलासम्म क्यान्सरलाई उपचार गर्न सकिने उल्लेख गर्नुभयो।

डा शाहीले फोक्सोको सानो क्षेत्रमा मात्र क्यान्सर भयो बढेर कहीँ पनि गएको छैन भने त्यसलाई चरण शून्य, अलिकति क्यान्सर बढेर गयो भने चरण एक, फोक्सामा अलि धेरै क्यान्सर फैलियो भने चरण दुई, फोक्सोबाट काखीसम्म गएर गिर्खा आएको छ भने तेस्रो चरण र त्यहाँबाट अर्को अङ्ग कलेजो, पेटमा गयो भने त्यसलाई चरण चार भनिने जानकारी दिनुभयो।

**नेपालमा सस्तो उपचार**

भक्तपुर क्यान्सर अस्पतालका निर्देशक डा चालिसेका अनुसार नेपालमा ९५ प्रतिशत क्यान्सरको उपचार हुन्छ। क्यान्सरको उपचारमा नेपाल विश्वको तुलना सस्तो रहेको बताउँदै उहाँले सरकारी अस्पतालमा उपचार गर्दा बिरामीलाई आर्थिक भार कम पर्ने विचार राख्नुभयो।

उहाँले सरकारी अस्पतालमा रु ४० देखि रु ५० हजारसम्ममा क्यान्सरको शल्यक्रिया हुने जनाउँदै त्यही उपचार निजी अस्पतालमा गर्दा रु पाँच लाखसम्म लाग्ने बताउनुभयो। "सरकारी अस्पतालको सेवा शुल्क एकदमै कम रहेको छ। साथै सरकारले क्यान्सरका बिरामीलाई उपचारका लागि रु एक लाख उपलब्ध गराउने गर्दछ", उहाँले भन्नुभयो।

**क्यान्सर हुनुका कारण**

क्यान्सर अत्यधिक मद्यमान र सुर्तीजन्य पदार्थको सेवन, खानपिन, जीवनशैली, आराम, विकीरणको प्रभाव, जीवाणुको कारण, वंशाणुगतलगायत मुख्य कारण रहेका वरिष्ठ क्यान्सर रोग विशेषज्ञ डा शाहीले बताउनुभयो।

"भातदाल तरकारी र अचार नखाएर हामी बढीजसो फास्टफुड, जङ्कफुड, धुम्रपान, मध्यपान, पोलेको, व्यायाम नगर्दा, सडेगलेका तथा बासी खानेकुरा खाने गर्दछौँ, यसले क्यान्सरको जोखिम बढाउँछ", उहाँले भन्नुभयो। उहाँले खानपिन, आराम, व्यायाम, धुम्रपान, मध्यपान र मोटोपनलाई रोक्नसके क्यान्सरलाई कम गर्न सकिने धारणा राख्नुभयो। उहाँका अनुसार शरीरको कोष तथा कोषिकाको समूह अस्वाभिक रूपमा वृद्धि हुनुलाई क्यान्सर भनिन्छ। यो एक प्रकारको गिर्खा वा ट्युमर पनि हो।

भक्तपुर क्यान्सर अस्पतालका निर्देशक डा चालिसेका अनुसार शरीरमा रहेका कोषको जन्म, विकास निर्माण, मृत्यु गर्नेसम्मको प्रक्रियालाई नियन्त्रण गर्ने जिन रहेको हुन्छ, त्यही जिनमा खराबी उत्पन्न भएपछि कोषको अनियन्त्रित वृद्धि हुँदै जाने र अन्त्यमा मानिसमा क्यान्सर लाग्ने गर्दछ।

उहाँले जिनमा खराबी उत्पन्न गराउने कारक तत्वमध्ये सुर्तीजन्य पदार्थको सेवन, मादक पदार्थ सेवन, अखाद्य तत्व प्रमुख रहेको बताउनुभयो। उहाँका अनुसार अस्पतालमा वर्षमा एक लाख क्यान्सरका बिरामीको उपचार हुने गरेको छ।

दैनिक पाँच सय बिरामी उपचारका लागि आउने गरेका छन्। हरेक दिनमा ४० देखि ५० जना बिरामीको किमोथेरापी र एक सय ५० जना रेडिएसन (सेकाइ)का लागि आउने गर्दछन्। उहाँले समयमा उपचार नगरे भने बिरामीको ज्यान पनि जानसक्ने जोखिम रहेको बताउनुभयो।

**'पृथकतामा एकता: क्यान्सर भोगाइका कथाहरू' भन्ने नाराका साथ विश्व क्यान्सर दिवस मनाइँदै**

विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वभरि क्यान्सरले गराउने कूल मृत्युको करिब एक तिहाइ सुर्तीजन्य पदार्थको सेवन, मदिरा सेवन, असन्तुलित आहारका कारण र नियमित व्यायामको कमीले हुने गरेको छ। बाँकी क्यान्सरका कारणमा विकिरणको प्रभाव, वातावरणीय प्रदूषणका साथै अन्य सङ्क्रमणहरू रहेका छन्।

विकासोन्मुख देशमा भने करिब ३० प्रतिशत क्यान्सर हेपाटाइटिस, ह्युमन प्यापिलोमाभाइरस सङ्क्रमणले हुने गरेको छ। 'ग्लोबोक्यान' नामक एक सर्वेक्षणका अनुसार नेपालमा प्रत्येक वर्ष २० हजारभन्दा बढी क्यान्सरका बिरामी हुने गरेका स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले जानकारी दिनुभयो।

पछिल्लो सन् २०२० को तथ्याङ्क अनुसार क्यान्सरले नेपालमा १६ हजार छ सय २९ जनाको मृत्यु भएको थियो। उहाँले नेपालमा फोक्सोको क्यान्सर, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, पेटको क्यान्सर र आन्द्राको क्यान्सर मुख्य रहेका जानकारी दिनुभयो। पुरुषमा फोक्सो, पेट, आन्द्रा, मुख र थाइराइडको क्यान्सर बढी देखिएको छ भने महिलामा पाठेघरको मुख, स्तन, फोक्सो, पित्तथैली र डिम्बाशयको क्यान्सर प्रमुख छन्।

**क्यान्सर रोकथामसम्बन्धी सरकारका कार्यक्रम**

मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले क्यान्सर रोगसम्बन्धी जनचेतनाका कार्यक्रमका साथै सरकारले क्यान्सरपीडितलाई लक्षित गरेर विभिन्न कार्यक्रम अगाडि सारेको बताउनुभयो।

सरकारले विपन्न नागरिक औषधि उपचार कोषबाट क्यान्सरपीडितका लागि रु एक लाखसम्मको औषधि उपचारको व्यवस्था गरेको छ भने प्रदेश सरकारले पनि थप रु एक लाखसम्मको उपचार सहायता प्रदान गर्दै आएको छ।

नेपालले 'ग्लोबल प्लेटफर्म फर एक्सेस टु चाइल्डहुड क्यान्सर मेडिसिन्स'मा सहभागिता जनाई आगामी चार वर्षसम्म ३५ प्रकारका क्यान्सरका आवश्यक औषधि निःशुल्क उपलब्ध गराउने व्यवस्था गरिएको छ।

# लगानीको वातावरण नबिगार्न निजी क्षेत्रका तीन संस्थाको अनुरोध

काठमाडौँ, २२ माघ (रासस)।

निजी क्षेत्रका तीन संस्थाले मुलुकमा लगानीको वातावरण नबिगार्न सम्बद्ध पक्षसँग अनुरोध गरेका छन्। नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ र नेपाल चेम्बर अफ कमर्सले मंगलबार संयुक्त रूपमा विज्ञप्ति जारी गरी कोशी प्रदेशको पाथीभरा (मक्कुम्लुङ) क्षेत्रमा केबलकार निर्माणको विषयलाई लिएर भइरहेका गतिविधिप्रति ध्यानाकर्षण भएको जनाउँदै बन्द र हडतालका कार्यक्रम तत्काल रोक्न आग्रह गरेका हुन्।

पाथीभरा क्षेत्रमा केबलकार निर्माण परियोजनाको विषयलाई लिएर कोशी प्रदेशका जिल्लामा भइरहेको बन्द हडतालले त्यहाँको शैक्षिक, आर्थिक तथा सामाजिक जनजीवन समेत अस्तव्यस्त भएको, सर्वसाधारणले सास्ती भोग्नु परेको र यस्ता गतिविधिले मुलुकको पूर्वाधार विकासका लागि लगानीमैत्री वातावरण बिथोलिने अवस्था सिर्जना हुने उनीहरूको भनाइ छ।

"नेपालको समग्र आर्थिक विकासमा निजी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको सर्वविदितै छ। उद्योग, व्यापार, बैङ्किङ, ऊर्जा, कृषि, पर्यटन, सञ्चारलगायत अन्य विभिन्न पूर्वाधार विकास तथा सेवा क्षेत्रमा निजी क्षेत्रको गरेको लगानीले देशको समृद्धिमा उल्लेखनीय योगदान पुऱ्याएको छ। तर विकासका कार्य रोक्न भइरहेका पछिल्ला गतिविधिले नेपालमा लगानी गर्ने स्वदेशी तथा विदेशी लगानीकर्ताहरूलाई नकारात्मक सन्देश प्रवाह गर्ने हुनाले सम्बन्धित सरोकारवालाहहरूलाई यस विषयमा गम्भीर बन्न, विकास निर्माणको कार्यलाई सहज र निर्बाध रूपमा सञ्चालन गर्ने वानतावरण सिर्जना गर्न आग्रह गर्दछौँ", विज्ञप्तिमा भनिएको छ।

पर्यटनमा निजी क्षेत्रले अर्बौं रुपैयाँ लगानी गरिसकेको, हजारौं नेपालीलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा रोजगारी प्रदान गरिरहेको

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### म्यानमा विद्रोही समूहद्वारा हत्याको स्वीकारोक्ति

याङगुन, २२ माघ (रासस/एएफपी)।

म्यानमाको एक विद्रोही समूहले शुक्रबार आफ्ना सदस्यहरूले देशको पश्चिमी सिमानामा नियन्त्रण कायम राख्न सत्तारूढ जुन्तासँग लडिरहेको बेला घातक हिंसाको दुर्लभ स्वीकार गर्दै दुई कैदीको हत्या गरेको बताएको छ। गत वर्षको फेब्रुअरीमा रखाइन राज्यको क्युकताउ बस्तीमा अराकान आर्मी (एए) को आक्रमणका क्रममा 'सैन्य अनुशासन उल्लङ्घन' गरेको घटना भएको आतङ्कवादी समूहका प्रवक्ता खैङ थु खाले बताउनुभयो। "हाम्रा स्थानीय (एए) मिलिसियाहरूले आफ्नो क्रोध नियन्त्रण गर्न सकेनन् र म्यानमाका आतङ्कवादी सेनाका सिपाहीहरूले उनीहरूका परिवारलाई अन्यायपूर्वक पक्राउ गरी, यातना दिई र हत्या गरेको प्रतिशोधमा अपराध गरे", उहाँले भन्नुभयो।

सामाजिक सञ्जालमा प्रसारित दुई मिनेटको भिडियो क्लिपमा केही एए वर्दी लगाएका र हतियार बोकेका लगभग सात जना मानिसले भुइँमा रहेका दुई सर्टविहीन मानिसलाई लात हानेको र कुटपिट गरेको देखिन्छ। अर्को भिडियोमा तिनै कथित हत्याराहरूले खुकुरी जस्तो चक्कुले कैदीहरूको घाँटी काटेको देखिन्छ। खैङ थु खाले शुक्रबार भिडियोहरू प्रामाणिक भएको र अपराधीहरू एए जातीय सशस्त्र समूहका सदस्य भएको स्वीकार गर्नुभयो। म्यानमाको पश्चिममा रहेको रखाइन राज्य जातीय र धार्मिक विभाजनले ग्रस्त छ। सन् २०१७ मा सेनाले गरेको रक्तपातपूर्ण कारबाहीले करिब सात लाख ४० हजार रोहिङ्ग्या मुसलमानलाई सीमा पार गरेर बङ्गलादेश प्रवेश गर्न बाध्य पारेपछि यो राज्य विश्वको ध्यानाकर्षणमा आएको थियो।

सन् २०२१ मा लोकतान्त्रिक रूपमा निर्वाचित आङ सान सुकीको नागरिक सरकारविरुद्ध सैन्य जुन्ताले देशलाई नियन्त्रण लिएको थियो। एएले जातीय रखाइन जनताका लागि थप स्वायत्तताको लागि लडिरहेको बताएको छ। यी जनसङ्ख्यालाई रोहिङ्ग्याको निष्कासनमा सेनालाई सहयोग गरेको पनि आरोप लगाइएको छ। विद्रोही समूहले डिसेम्बरमा बङ्गलादेश सीमा नजिकैको एक प्रमुख क्षेत्रमाथि पूर्ण नियन्त्रण कायम गरेको दाबी गरेको थियो। यसले देशभर विपक्षीहरूसँग लडिरहेको जुन्तामाथि थप दबाब खडा गरेको छ। मानवअधिकार सङ्गठन फोर्टिफाई राइट्सले बिहीबार प्रकाशित एक प्रतिवेदनमा हत्यासँग सम्बन्धित एएद्वारा गरिएका युद्ध अपराधको अनुसन्धान गर्न अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) लाई आह्वान गरेको छ। खैङ थु खाले एएले घटनामा संलग्न सबैको पहिचान गरी दण्डित गरेको र समूहले गैरकानूनी हत्यालाई स्वीकार नगर्ने बताउनुभयो।

### चीनले एकाधिकार विरोधी कानून उल्लङ्घनको आरोपमा गुगलमाथि अनुसन्धान गर्ने

बेइजिङ, २२ माघ (रासस/एएफपी)।

वासिङ्टनले चिनियाँ वस्तुहरूमा १० प्रतिशत भन्सार दर लगाएपछि चीनले मङ्गलबार अमेरिकी प्रविधि दिग्गज गुगलमाथि एकाधिकार विरोधी कानून उल्लङ्घनको अनुसन्धान गर्ने बताएको छ। बेइजिङको राज्य बजार नियमन प्रशासनले अमेरिकी प्रविधि दिग्गजलाई 'जनवादी गणतन्त्र चीनको एकाधिकार विरोधी कानून उल्लङ्घन गरेको आशङ्का' गरिएको बताएको छ।

यसले 'कानूनअनुसार गुगलमा अनुसन्धान सुरु गरेको' प्रशासनले एक विज्ञप्तिमा भन्यो। प्रशासनले गुगल विरुद्धको आरोपहरूका बारेमा थप विवरण प्रदान गरेको छैन। अमेरिकी प्रविधि दिग्गज गुगलको कोर सर्च इन्जिन र यसका धेरै सेवाहरू मुख्य भूमि चीनमा प्रतिबन्धित छन्। चीनमा अमेरिकी इन्टरनेट टाइटनहरूले लामो समयदेखि राजनीतिक रूपमा संवेदनशील सामग्री रोक्ने 'ग्रेट फायरवाल' का कारण व्यापार गर्न सङ्घर्ष गरिरहेका छन्।

सन् २०११ मा गुगलले मुख्य भूमिमा रहेको आफ्नो चिनियाँ भाषाको सर्च इन्जिनलाई त्यागेर हङकङमा स्थानान्तरण गरेको थियो। सन् २०१४ सम्ममा चीनले गुगलको इमेल सेवा जिमेल पहुँच गर्ने अन्तिम बाँकी माध्यम पनि बन्द गरिदियो। बेइजिङले मङ्गलबार टमी हिलफिगर र क्याल्भिन क्लेइन स्वामित्वमा रहेको अमेरिकी फेशन समूह पिभिएच कर्प र बायोटेक जायन्ट इलुमिनालाई 'अविश्वसनीय संस्थाहरू' को सूचीमा थप्ने पनि बताएको छ।

चीनको वाणिज्य मन्त्रालयले एक विज्ञप्तिमा यो कदमले 'सम्बन्धित कानूनहरू अनुसार राष्ट्रिय सार्वभौमिकता, सुरक्षा र विकास हितको रक्षा गर्ने' बताएको छ। "माथिका दुई संस्थाले सामान्य बजार कारोबारका सिद्धान्तहरूको उल्लङ्घन गर्छन्, चिनियाँ उद्यमहरूसँगको सामान्य कारोबारमा बाधा पुऱ्याउँछन् र चिनियाँ उद्यमहरू विरुद्ध भेदभावपूर्ण उपायहरू अपनाउँछन्", विज्ञप्तिमा थप उल्लेख छ।

चीनले सेप्टेम्बरमा पिभिएचले सिन्जियाङ क्षेत्रको कपासको 'अनुचित' बहिष्कार गरेको भन्दै अनुसन्धान गरिरहेको बताएको थियो। उक्त क्षेत्रमा बेइजिङमाथि व्यापक मानवअधिकार उल्लङ्घनको आरोप लागेको छ। एएफपीले तीनै कम्पनीसँग टिप्पणीका लागि सम्पर्क गरेको छ। संयुक्त राज्य अमेरिकाले शनिबार प्रमुख व्यापारिक साझेदारहरू विरुद्ध व्यापक उपायहरू घोषणा गऱ्यो। यसमा चीनबाट आउने वस्तुहरूमा विद्यमान भन्सार दरमाथि थप १० प्रतिशत भन्सार दर लगाइने छ। ट्रम्पका अनुसार यी उपायहरूको उद्देश्य अवैध आप्रवासी र फेन्टानिल लगायतका लागूऔषधको अमेरिकामा प्रवाह रोक्न असफल भएका देशहरूलाई दण्डित गर्नु हो।

# अन्तराष्ट्रिय कुस्ती प्रतियोगिता शुरु



**दैनिक समाचारदाता**
**राजविराज, २२ माघ ।**

शहिद साकेत चन्द्र मिश्रको स्मृती एवं सम्मानमा १३ औ अन्तराष्ट्रिय महिला तथा पुरुष कुस्ती प्रतियोगिता मंगलबारदेखी सप्तरीको तिलाठीमा शुरु भएको छ ।

तिलाठी कोइलाडी गाउँपालिका १ स्थित विद्यालय खेल मैदानमा शुरु भएको प्रतियोगिताको एक समारोहबीच स्व.साकेत चन्द्र मिश्रकी आमा चक्ला देवी मिश्रले उदघाटन गरेकी छिन ।

सरस्वती पुजनोत्सव तथा बसन्त पञ्चमीको अवसर पारेर विगत १३ वर्ष देखी तिलाठीमा नियमित पुजा र मेला तथा पुजा समितीद्वारा अन्तराष्ट्रियस्तरको कुस्ती प्रतियोगिताको आयोजना गरिदै आएको छ ।

पंचायती व्यवस्था तथा राजतन्त्र विरुद्धको आन्दोलनमा २०४२ सालमा ज्यान गुमाएका तिलाठी निवासी स्व.साकेत चन्द्र मिश्रको स्मृती एवं सम्मानमा नियमितरुपमा आयोजना हुदै आएको प्रतियोगितामा नेपाल तथा छिमेकी राष्ट्र भारतका २२ महिला र ६४ पुरुष खेलाडी सहभागी छन ।

गाउँवासीको सहयोगमा संचालित प्रतियोगिताको पहिलो दिन विभिन्न तौल समुहमा महिला तर्फ २ र पुरुष तर्फ ८ गरी १० वटा प्रतिस्पर्धा सम्पन्न भएको छ । जसमध्ये ६ वटा प्रतिस्पर्धामा नेपाली पहलमानले उत्कृष्ट प्रर्दशन गर्दै विजयी हासिल गरेका छन ।

महिलातर्फ भएको दुई प्रतिस्पर्धामा नेपाली पहलमान नवलपरासीकी बबी भन्ने बविता कुमारी विजयी भएकी छिन भने अर्को प्रतिस्पर्धामा भारत राजस्थानकी नेहा सिंहले जित निकालेकी छिन ।

यस्तै पूरुष तर्फ भएको ८ प्रतिस्पर्धा मध्ये नेपाली पहलमानले ५ र भारतीय पहलमानले ३ प्रतिस्पर्धामा विजयी भएका छन । उक्त प्रतियोगितामा सप्तरीका नवनित झा र पर्साका सुनिल साह निर्णायकको भूमिकामा छन् ।

वडाअध्यक्ष दिनेश्वर मिश्रको अध्यक्षतमा आयोजित प्रतियोगितको उदघाटन समारोहमा पुजा समितिका अध्यक्ष अजित कुमार मिश्र, शहिद साकेत चन्द्र मिश्र पार्क व्यवस्थापन समितिका अध्यक्ष सुमेश चन्द्र मिश्र लगायतले परम्परागतरुपमा हुदै आएको कुस्ती खेल्ले आन्तरिक तथा बाह्य पर्यटकलाई भित्र्याउन समेत मदत मिल्ने विश्वास व्यक्त गरे ।

तीन दिन सम्म चल्ने प्रतियोगितामा आयोजक सप्तरीका साथै पर्सा, सिरहा, धनुषा, सर्लाही, बाके तथा भारतको राजस्थान, विहार, मध्यप्रदेश, झारखण्ड, दिल्ली, हरियाण र पंजाबका पहलमानहरुको सहभागिता रहेको आयोजकले जनाएको छ ।

## लगानीको वातावरण ...

अवस्थामा पाथीभरा (मक्कुम्लुङ) मा बन्ने पर्यटकीय पूर्वाधारले त्यहाँ जान चाहने वृद्धवृद्धा, अशक्त बालबालिकासहित अन्य यात्रुहरुलाई सुरक्षित, छिटो र सुविधाजनक यात्रा उपलब्ध गराउनाका साथै पूर्वाधार निर्माणले त्यहाँको धार्मिक सांस्कृतिक तथा साहसिक पर्यटन प्रवर्द्धन, कृषि, हस्तकलाको विकासमार्फत व्यवसायको प्रवर्द्धनका साथै स्थानीयका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारीका अवसर सिर्जना हुने र देशकै पर्यटन विकासमा सकारात्मक प्रभाव पार्ने विज्ञप्तिमा जनाइएको छ ।

यस्तै केवलकार निर्माणका लागि स्थानीय तह र स्थानीयहरू सहमत रहेको र बन्नुपर्छ भन्ने धारणा राखिरहेको सन्दर्भमा केबलकार बन्न दिनु हुँदैन भनेर बाह्य हस्तक्षेपसहित केबलकार निर्माणमा अवरोध हुनुलाई दुःखद मात्र नभई विकासको प्रवाहलाई रोक्ने प्रयासका रूपमा निजी क्षेत्रले लिएको समेत विज्ञप्तिमा उल्लेख छ ।

उनीहरूले विकासमा देखिएको यो अवरोध कुनै एउटा परियोजनाको विरोध मात्रै नभएर देशको पूर्वाधार विकासका लागि लगानीमैत्री वातावरण बिथोलिने अवस्था सिर्जना हुनाका साथै नेपालमा लगानी गर्ने लगानीकर्ताहरूलाई यसले नकारात्मक सन्देश प्रवाह गर्ने बताएका छन् ।

यसैगरी, उनीहरूले समस्यालाई समाधान वार्ताबाट गर्न सकिने जनाउँदै विकासको यो प्रयासलाई सकारात्मक रूपमा ग्रहण गर्न र पाथीभरा (मक्कुम्लुङ) केबलकार परियोजनालाई सहज र निर्बाध रूपमा अघि बढाउन स्थानीय समुदाय, सम्बन्धित निकाय तथा सरोकारवालाहरूलाई निजी क्षेत्र हार्दिक अपिल गरेका छन् ।

त्यसैगरी, नेपाल उद्योग वाणिज्य महासङ्घका कोशी र गण्डकी र कर्णाली प्रदेशका सभापतिहरूले पनि मंगलबार छुट्टाछुट्टै विज्ञप्ति जारी गर्दै यस विषयमा महासङ्घ प्रदेश समितिको ध्यानाकर्षण भएको जनाएका छन् ।

उनीहरूले कोभिड महामारीलगायतका कारण सङ्कटमा परेको अर्थतन्त्रको विकास गरी पुरानै अवस्थामा ल्याउनका लागि नेपाल सरकार र निजी क्षेत्र लागिपरिरहेको अवस्थामा विकासका लागि भइरहेका प्रयासमा अवरोध हट्नुपर्ने धारणा राखेका छन् ।

राज्यको नियमकानुन तथा प्रणालीले स्वीकृति तथा अनुमति प्रदान गरेर तथा स्थानीय नागरिकको भावना र चाहनाबमोजिम नै निर्माण सुरु गर्दैगर्दा उत्पन्न भएको बाह्य परिस्थितिले यो आयोजनालाई जे जसरी अवरोध उत्पन्न गर्न खोजिएको छ, यसबाट नेपालको आर्थिक विकासका लागि अत्यावश्यक स्वदेशी एवं विदेशी लगानीका क्षेत्रमा पक्कै पनि सकारात्मक सन्देश दिएको जारी विज्ञप्तिमा भनिएको छ ।

विज्ञप्तिमा देशका कैयौं स्थानमा पर्यटन पूर्वाधारहरूको निर्माण गरी दशौं हजार व्यक्तिलाई रोजगारी प्रदान गरिरहेको तथा राजस्वका माध्यमबाट मुलुकको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याइरहेको देशको व्यावसायिक समूहको अगुवाइमा निर्माण हुन लागेको केबलकार आयोजनाविरुद्धमा जेजस्ता क्रियाकलापहरू हाल देखिएका छन् त्यसले मुलुकमा लगानीको वातावरण बनाउने नभएर भत्काउने काम गरिरहेको आफूहरूको बुझाइ रहेको उल्लेख छ ।

## भन्सार छलेर ...

हजार ८ सय ४० रुपैया मूल्य बराबरको मोटरसाईकल तथा स्कुटीका पार्टपुर्जा मंगलवार नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

विष्णुपुर गाउँपालिका ७ विष्णुपुर चौक नजिकै गस्तीमा रहेका टोलीलाई देख्नासाथ बोरामा राखेर टाउकोमा बोकी पैदलै आउदै गरेका तस्करले उक्त मालसमान सडक मै फालेर भागेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार वस्नेतले जानकारी दिए ।

उक्त सरसमान मंगलवार नै राजविराज भन्सार कार्यालयलाई बुझाइएको प्रहरीले जनाएको छ ।

# जनकपुर अन्तरराष्ट्रिय चलचित्र महोत्सव फागुन १६ देखि

ललितपुर, २२ माघ (रासस) ।

नेपाली चलचित्र क्षेत्रको अन्तरराष्ट्रियकरण, बजार प्रवर्द्धन, सम्भावना र अवसरको खोजी गर्ने उद्देश्यले प्रथम जनकपुर अन्तरराष्ट्रिय चलचित्र महोत्सव हुने भएको छ । संवाद फाउण्डेसनले चलचित्रकर्मी र सञ्चारकर्मीको उपस्थितिमा मंगलबार ललितपुरमा आयोजना गरेको एक कार्यक्रममा आगामी फागुन १६ देखि १८ सम्म प्रथम चलचित्र महोत्सव हुने जानकारी दिएको हो ।

कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले महोत्सव नेपाली र मिथिला चलचित्रलाई विश्वमा बजारीकरण गर्न महत्वपूर्ण माध्यम हुने विश्वास व्यक्त गर्नुभयो । "जनकपुरले मिथिलाञ्चललाई प्रतिनिधित्व गर्छ, महोत्सवले यसलाई उजागर गर्नेछ । विश्वका एक सय ३७ भन्दा बढी देशले हाम्रो चलचित्रका बारेमा थाहा पाउनेछन्" उहाँले भन्नुभयो ।

अध्यक्ष डिसीले पैसा कमाउने उद्देश्य राखेर महोत्सव गर्नु उचित होइन भन्दै यस्ता अन्तर्राष्ट्रिय चलचित्र महोत्सवलाई अरु क्षेत्रको बजेट काटौति गरेर पनि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

राष्ट्रिय समाचार समिति (रासस) का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले नेपाली सिनेमा निर्माणको प्रक्रिया बदलिनुपर्नेमा जोड दिनुभयो । "नेपाली सिनेमा कताकता एकाङ्गी पो छ कि भन्ने मलाई लागेको छ, मैले फरक भूगोल, फरक विषयको चित्रण गर्ने परिपाटीको अभाव भएको महसुस गरेको छु । स्थानीय परिवेशका कुरालाई हामीले सिनेमामा बुझाउन सकिरहेका छैनौं आशा छ, जनकपुरमा हुने यो कार्यक्रमले नयाँपन खोज्ने छ", उहाँले भन्नुभयो ।

कार्यकारी अध्यक्ष झाले महोत्सवले नेपाली चलचित्र निर्मातालाई स्थानीय कथा खोजीमा प्रेरित गर्ने विश्वास व्यक्त गर्दै भविष्यमा नेपाली सिनेमालाई दिगो र अन्तरराष्ट्रियकरण गर्न पनि निकै ठूलो सहयोग पुग्ने धारणा राख्नुभयो ।

अभिनेत्री रेखा थापाले मिथिला सभ्यता, कला र महिलाको जननी भएको बताउँदै महोत्सवले त्यो महत्वलाई उजागर गर्ने बताउनुभयो । "मधेशको कलासँग प्रगाढसम्बन्ध छ । पछिल्लो समय हाम्रो संस्कृति र भाषामाथि आक्रमण भएको छ, यसलाई चिर्नु आवश्यक छ", उहाँको भनाइ थियो ।

वरिष्ठ निर्माता माधव वाग्लेले मिथिला सभ्यताको चित्र कोर्न धेरै महङ्गो हुने भएकाले आफूहरूलाई मिथिला क्षेत्रको कथा समेटेर चलचित्र निर्माणमा समस्या भइरहेको सुनाउनुभयो । चलचित्र निर्देशक सुवर्ण थापाले महोत्सवले हिमाल, पहाड र तराईलाई जोड्दै बालबालिका, युवा, महिलालगायतलाई समेट्नुपर्नेमा जोड दिनुभयो ।


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी, राजविराज

मिति :-२०८१/१०/२०

**विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।**

यसमा २००४ सालको जमावन्दी श्रेस्ता बमोजिम सुदामी बति वैश्यनीको नाममा दर्ता रहेका साविक प्रगन्ना जगदर मौजे थल्ही कट्टीको सा.कि.नं. ४४ को ज.वि. ०-२-११, ऐ.ऐ. सा.कि.नं.९ ज.वि.०-३-४ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स बोरिया वडा नं. ४ हाल राजविराज न.पा. वडा नं. १६ बस्ने सुदामी बति वैश्यनीको बुहारी कुशेश्वर लाल देवको पत्नी बिन्दा देवी वैश्यनीको यस कार्यालयमा द.नं. १६४३७ मिति २०८०/११/३० गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८१/०१/०७ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदक वाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ४४<br>९ | सुदामी बति वैश्यनी | बोरिया | ४ | २५८<br>२५९ | ०-१-९<br>०-१-१० | बिन्दा देवी वैश्यनी | यो जग्गाको फिल्डबुकको कैफियत महलमा यो जग्गा बोरिया बस्ने सुदामा बतिको हो उल्लेख रहेको ज.ध. महल खाली, किसानको महल खाली, किसानको व्यहोरा महल खाली भएको । |



# चेक र चेक बुक हराएको सूचना

राजविराज वडा नं ८ स्थित आफ्नो डेराबाट नेपाल बैंक लिमिटेड तर्फ गईरहेको बेला हनुमान मन्दिरदेखी गजेन्द्र चौकको बीचमा आफ्नो साथमा रहेको नेपाल बैंकको खाता नं.0१३0११0७१६00८१00000१ को चेक बुक र उक्त चेक बुकमा १ प्रति चेकमा हस्ताक्षर भएको तथा रकम र मिति समेत खाली रहेकोले खोजतलास गर्दा हाल सम्म फेला नपरेकोले भेट्नु हुने महानुभावले तलको नम्बर वा सम्बन्धित प्रहरी कार्यालयमा बुझाइदिन हुन अनुरोध छ ।

**खातावालाको नाम : विकिता देव**
**मो.नं. ९८१४७५७१४३, ९८११७७७०९८**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*